नेपाल सरकार

शिक्षा विज्ञान तथा प्रविधिमन्त्रालय

# शिक्षा तथा मानवस्रोत विकास केन्द्र

visit Nepal 2020 Lifetime Experiences

प.स. २०७६/०७७
च.न. २२5

सानोठिमी, भक्तपुर

मिति: २०७६/०९/०१

**विषय : निजी क्षेत्रबाट सञ्चालित मन्टेश्वरी कक्षाको सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा ।**

सवै स्थानिय तहहरु र सवै शिक्षा विकास तथा समन्वय ईकाइहरु ।

निजी क्षेत्रबाट पूर्व विद्यालय उमेर समूह (४ वर्ष भन्दा मुनि) का वालवालिकाहरुका लागि मुख्यत: शहरी क्षेत्रमा सञ्चालन भईरहेका शिशु विकास केन्द्र,शिशु स्याहार केन्द्र प्रकृतिका मन्टेश्वरी कक्षाहरु सम्वन्धित स्थानीय तहबाट अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको कुरा सर्व विदितै छ । यस्ता सवै कक्षाहरु अनुमति लिएर सञ्चालन भए नभएको एकीन गरी भर्ना भएका वालवालिकाहरुको विवरण एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली(IEMIS)मा समावेश गर्न समेत आवश्यक भएकोले आ-आफ्नो क्षेत्रभित्र सञ्चालन भएका यस्ता सवै कक्षाहरु अनुमति लिएर सञ्चालन भए नभएको एकीन गरी यदि अनुमति नलिएर सञ्चालन भएको पाइए आवश्यक पूर्वाधारसहित अनुमति दिएर सञ्चालन गराउने र यसको अभिलेख राख्ने,वार्षिक रुपमा प्रतिवेदन र प्रगति विवरण पेश गर्ने व्यवस्था गर्न लगाउने र अनिवार्य रुपमा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली(EMIS)मा भर्ना भएका वालवालिका लगायत अन्य आवश्यक विवरण भर्न लगाई प्रारम्भिक वालविकास उमेर समूहका वालवालिकाहरुको लागि आवश्यक नीति,योजना,कार्यक्रम तर्जुमा र स्रोतसाधन विनियोजन गर्ने कार्यलाई तथ्यपरक वनाउने कार्यमा सहयोग गर्नुहुन सम्पूर्ण महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरुलाई हार्दिक अनुरोध छ साथै यस कार्यमा आ-आफ्नो जिल्लाभित्रका स्थानीय तहहरुलाई आवश्यक सहजीकरण र समन्वयका लागि सवै शिक्षा विकास तथा समन्वय इकाईहरुलाई यस केन्द्रको मिति २०७६/०९/०१ निर्णयानुसार अनुरोध छ ।

निर्देशक